DOI: https://doi.org/10.3126/cognition.v7i1.74801

# चरैवेति उपन्यासमा युगचेतना

**विपेन विश्वकर्मा**[१]

***लेखसार***

*प्रस्तुत लेखमा पाश्चात्य चिन्तक हिप्पोलाइट एडोल्फ टेन (सन् १८२८-१८९३ ) ले तय गरेका समाजशास्त्रीय अध्ययनका आधारहरूमध्ये युगचेतनालाई आधार बनाएर चरैवेति उपन्यासको अध्ययन गरिएको छ। चरैवेति उपन्यासमा के-कस्तो युगचेतनाको अभिव्यक्ति पाइन्छ भन्ने समस्यामा केन्द्रित रहेर यो अध्ययन गरिएको छ। यसका लागि चरैवेति उपन्यास प्राथमिक सामग्री र युगचेतनासँग सम्बन्धित द्वितीयक सामग्रीको प्रयोग गरिएको छ। तिनको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ। युग र सामाजिक सांस्कृतिक परिवेश, युगीन राजनीति, युगीन आर्थिक अवस्था, युगीन विचारधारा, उपन्यासका युगीन प्रवृत्तिहरू, युगमा आधारित लेखकीय र सामाजिक अनुभव गरी यी छओटा आधार नै कृतिको विमर्श गर्ने सैद्धान्तिक स्वरूप हुन्। पाठविश्लेषण विधिमा आधारित यस अध्ययनका आधारमा पूर्वी नेपालको पहाड र तराईको जनजीवन, त्यहाँ व्याप्त धर्मान्तिरण, हिन्दु अतिवाद, छुवाछुत, जातीय विभेद, विदेशी संस्कृतिको नकारात्मक प्रभाव, हिन्दु, इसाई र किरात धर्मबिचको मतमतान्तर आदि चरैवेति उपन्यासमा प्रयुक्त युग र सामाजिक सांस्कृतिक परिवेश हो। पञ्चायतकालीन शासन व्यवस्था, इसाईहरूमाथि धार्मिक प्रतिबन्ध लगाउनु, धर्म प्रचारको आरोपमा प्रहरी प्रशासनले धरपकड गर्नु र मुद्दा लगाउनु आदि उपन्यासमा प्रयुक्त युगीन राजनीति हो। जङ्गल फाँडेर बसोबास गर्नु, खानलाउनकै दुःखले बसाई सर्नु, समयमै अस्पतालको उपचार प्राप्त गर्न नसकेर मृत्युवरण गर्न पुग्नु जस्ता घटनावलीले उपन्यासको युगीन कमजोर आर्थिक अवस्थालाई बुझाउँछ। समाजमा व्याप्त सारा धार्मिक रूढिवाद र अन्धपरम्परालाई चिर्न वैज्ञानिक चेत र मानवतावादले मात्रै सक्ने हुँदा प्रकृतिलाई रक्षा गर्ने वैज्ञानिक तथा भौतिकवादी जीवन अँगाल्नुपर्ने विचार उपन्यासमा प्रयुक्त युगीन विचारधारा हो। पूर्वीय र पाश्चात्य धर्मदर्शनको तुलनात्मक अध्ययन गर्नु, सामाजिक यथार्थतालाई प्रस्तुत गर्नु जस्ता मूलभूत औपन्यासिक प्रवृतिहरू उपन्यासमा पाइन्छ। समाजमा देखिएका विकृति, विसङ्गति, पारिवारिक बेमेल आदिजस्ता विषयलाई लेखकले उपन्यासमा जीवन्त रूपमा प्रस्तुत गरेका छन्। यस्तै आजको आधुनिक युगमा विज्ञान र प्रविधि प्रमुख तत्त्वका रूपमा रहेका छन्, समाजमा मानवताको खाँचो छ, प्रकृतिको संरक्षण गर्न नसके सारा जगत खतरामा पर्छ भन्ने विचार लेखकीय सामाजिक अनुभवगत विचार हो। यसरी युगचेतनाको सिद्धान्त र प्रयोगका दृष्टिले चरैवेति उपन्यास अब्बल रहेको निष्कर्ष यसमा प्रस्तुत गरिएको छ।*

**शब्दकुञ्जी** : चेतना, प्रविधि, विजुवा, विज्ञान, भौतिकवाद।

१. aadimabpn@gmail.com

*Received on Nov. 11, 2024* *Accepted on Dec. 18, 2024* *Published on Jan. 31, 2025*

## विषयपरिचय

*चरैवेति* जीवन जीवन्तको पहिलो औपन्यासिक कृति हो। यसबाहेक उनका *उपन्यास विमर्श* (२०८०), *सैद्धान्तिक आधार : प्रायोगिक विश्लेषण* (२०७५), *अधिआख्यान : सिद्धान्त र विश्लेषण* (२०६९), *उत्तरआधुनिक साहित्य सिद्धान्त र विश्लेषण* (२०६९) आदि समालोचना कृति प्रकाशित छन्। उनको यस उपन्यासमा नेपालमा इसाई धर्मको बढ्दो प्रभाव, हिन्दु अतिवाद र अहङ्कारवाद, इसाईहरूमाथि राजनीतिक तथा प्रशासनिक धरपकड, दमन र कानूनी प्रतिबन्ध, रोजिरोटीकै निम्ति, जातीय उत्पीडनबाट मुक्ति पाउनका लागि र बाध्यतावश धर्मान्तरण गर्न पुगेका गरिब जनताको दुःख, पीडालाई उपन्यासमा यथार्थ चित्रण गरिएको छ। सबै किसिमको धार्मिक अन्धताबाट मुक्त भई भौतिकवादी जीवन अँगाल्नुपर्ने, प्रकृतिको संरक्षण गर्ने विज्ञानको उचित प्रयोग गर्दै मानवतावादी चेतलाई उचाइमा पुऱ्याउनुपर्ने मूल जीवनदृष्टियुक्त युगचेतनाको चित्रण पनि यस उपन्यासमा गरिएको छ। टेन (सन् १८२८-१८९३) ले तय गरेका समाजशास्त्रीय अध्ययनका लागि जाति, युगचेतना र परिवेश जस्ता आधारहरूको चर्चा गरेका छन्। *चरैवेति* उपन्यासलाई विभिन्न विद्वान्हरूले विविध दृष्टिकोणबाट समीक्षा गरेको भए तापनि यसमा प्रस्तुत युगचेतनाको विश्लेषण गरिएको छैन। यसै सन्दर्भमा प्रस्तुत उपन्यासमा के-कस्तो युगचेतनाको अभिव्यक्ति पाइन्छ भन्ने मूल समस्याको समाधान गर्ने उद्देश्य यस लेखमा रहेको छ।

## अध्ययन विधि

प्रस्तुत लेखमा *चरैवेति* उपन्यासमा अभिव्यक्त युगचेतनाको विश्लेषण गरिएको छ। तसर्थ यसमा जीवन जीवन्तको *चरैवेति* उपन्यास प्राथमिक सामग्री र यसका विश्लेषणका साथै टेनको समाजशास्त्रीय अध्ययनमा क्षण तथा युग चेतनाको सैद्धान्तिक चर्चा गरिएका कृति, लेख आदि द्वितीयक सामग्री रहेका छन्। तिनको सङ्कलन पुस्तकालयबाट गरिएको छ। यसमा पाठविश्लेषण विधिको प्रयोग गरिएको छ। उपन्यासलाई युगचेतनाका आधारमा विमर्श गर्न टेनले चर्चा गरेको युगचेतनासम्बद्ध सिद्धान्तका आधारमा विश्लेषणका मानदण्ड तयार पारेर कृतिबाट तथ्यहरू सङ्कलन गरी विश्लेषण गरिएको छ।

## सैद्धान्तिक पर्याधार

समाजशास्त्र व्यापक क्षेत्र ओगट्ने विषय हो। यसले समाजमा रहेका विभिन्न जातीय, भाषिक, लैङ्गिक, धार्मिक, आर्थिक, सांस्कृतिक, राजनैतिक जस्ता विषयलाई समेटी त्यसको व्याख्या विश्लेषण गर्दछ। समाजशास्त्रका जन्मदाता फ्रान्सका दार्शनिक अगस्ट कोम्टे (१७७९-१८५७) हुन्। कुनै व्यवस्था वा घटनालाई वैज्ञानिक अध्ययन, अवलोकन, प्रयोग, परीक्षणको आवश्यकतामा जोड दिँदै उनले धार्मिक वा तान्त्रिक आधारबारे गरिने अध्ययन तथ्यात्मक नहुने धारणा प्रस्तुत गरेका छन् (घिमिरे सन् २०१५, पृ.१०५ )। साहित्य र समाज एकअर्कामा अन्तरसम्बन्धित हुन्छन्। साहित्यको पनि आफ्नै समाजशास्त्र हुन्छ। साहित्यमा समाजशास्त्र विद्यमान हुन्छ; समाजका चेतना र मूल्यका गतिशीलता तथा निरन्तरताको, अभिलेखाङ्कन साहित्यमा हुन्छ (श्रेष्ठ र अधिकारी २०७७, पृ.७३)। उपन्यासको विमर्श गर्ने समाजशास्त्रीय आधार छ। समयचेतनाको स्वरूपलाई समेट्ने वास्तविक र उपन्यासकारद्वारा कल्पित विषयवस्तुको योगबाट जुन समाजको निर्माण हुन्छ, त्यो नै उपन्यासको समाजशास्त्रीय आधार हो (बराल र एटम, २०७९, पृ.१२)। यसर्थ कुनै पनि साहित्यले तत्कालीन सामाजिक चेतना र त्यसबाट निर्मित मानवमूल्यलाई पनि प्रस्तुत गरेको हुन्छ।

कुनै पनि साहित्यिक कृतिमा कुनै कालखण्डलाई चित्रण गरिएको हुन्छ । त्यस कालखण्डको समाज र मानिसभित्र समयअनुसारको चेतना वा धारणा जागृत भएको हुन्छ । यसले साहित्यमा भिन्नता ल्याउँछ । साहित्यमा फरकपन देखिनुको मूलकारण, जातीय र सामाजिक भिन्नता भएको कुरालाई जर्मनीका समालोचक हेर्डरले तुलनात्मक अध्ययनबाट पुष्टि गरेका छन् । उनले बेलायती समाजको प्रतिनिधित्व स्वरूप सेक्सपियरका नाटक र ग्रिसेली नाटकको तुलनात्मक अध्ययन गरी यिनीहरूबिचमा भिन्नता देखिनुको कारण जाति, तत्कालीन समय र फरक फरक सामाजिक मूल्यमान्यता, आनुवांशिक गुण आदिले लेखकको व्यक्ति चेतनामा परेको प्रभाव भएको बताए । जसबाट जाति र युगको चेतनालाई साहित्यमार्फत जोड्ने माध्यम लेखक हुन्छ भन्ने अवधारणाको पनि विकास भएको पाइन्छ । सन् १७९८ तिर कलरिजले *लिरिकल ब्यालेट्* नामक कृतिको भूमिका लेखेर लेखक बाँचेको युग उसको संवेग आवेग, उसले भोगेको जीवनका आरोह अवरोहको अभिव्यक्तिबाट नै साहित्य बन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । जसलाई स्रष्टापरक समालोचकीय धारणा भनिन्छ ।

युगचेतना, तत्कालीन परिवेश, लेखकको प्रजातिगत गुण यी तीन तत्त्वलाई अन्तर सम्बन्धित गरी, साहित्य र समाजलाई जोडेर अध्ययन गर्ने कार्यको सुरूवात फ्रान्सेली दार्शनिक एवम् समालोचक हिप्पो लाइट टेनले गरेका हुन् । समालोचनाको सामाजिक दृष्टिकोणको व्यवस्थित सैद्धान्तिक स्वरूप टेनबाटै सुरू भएको देखिन्छ (शर्मा, सन् २०१२, पृ. ? ) । उनका दृष्टिमा कुनै साहित्यलाई त्यसभित्र रहेको प्रजाति, क्षण तथा युगचेतना र पर्यावरणका दृष्टिले अध्ययन गर्नु नै साहित्यको समाजशास्त्रीय समालोचना पद्धति हो । यी तीनै वटा तत्त्वहरूको आपसी अन्तस्सम्बन्ध रहेको हुन्छ (टेन, सन् १८७१, पृ.११) । उनले आफ्नो कलाको दर्शन नामक ग्रन्थमा साहित्यको समाजशास्त्रीय/समाजपरक समालोचनाको सैद्धान्तिक मान्यता प्रस्तुत गरेका छन् । फ्रान्सेली विचारक हिप्पोलाइट एडोल्फ टेन (सन् १८२८-१८९३) कला साहित्यको समाजशास्त्रीय अध्ययनका प्रवर्तक, साहित्यमा स्रष्टाको उच्च महत्त्वलाई स्थापित गर्ने चिन्तक, आलोचक तथा साहित्येतिहासकार हुन् (श्रेष्ठ र अधिकारी, २०७७, पृ. ७८) । यसरी टेनलाई नै साहित्यको समाजशास्त्रीय अध्ययनका जन्मदाताका रूपमा स्वीकार गरिएको छ ।

विधेयवादी चिन्तक टेनले साहित्यिक कृतिभित्र क्षणबारे जाँच गर्ने पद्धति तय गरेका छन् । कलाले जन्मिनुका निम्ति कुनै क्षणमा एउटा मानसिक अवस्था प्राप्त गर्छ, त्यही अवस्थाको सिर्जनाको हेतु पत्ता लगाउन उनी प्रजाति, क्षण र पर्यावरण जस्ता आधारको रूपमा अवलम्बन गर्छन् (दाहाल, २०५८, पृ. १२) । यसबाट टेनले तय गरेको जाति, पर्यावरण/वातावरण र समय/युगचेतनाले कुनै कृतिलाई बुझ्न र त्यसको समीक्षा गर्न सहायता पुर्याउँछ नै थप यसले लेखकको जीवनी, उसको वंश, परम्परा, देश, वातावरण अर्थात् जाति, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरण वा पर्यावरण र स्थिरता अनि सभ्यतामा परिवर्तन (समय) लाई बुझाउन महत्त्वपूर्ण भूमिका खेल्छ। संक्षेपमा टेनको प्रजाति, परिवेश र युगको धारणा भौतिक विज्ञान र अध्यात्म विज्ञानका बिचको संश्लेषणका रुपमा देखिन्छ (श्रेष्ठ र अधिकारी, २०७७, पृ.८२) । उनका दृष्टिमा कुनै साहित्यलाई त्यसभित्र रहेको प्रजाति, क्षण तथा युगचेतना र पर्यावरणका दृष्टिले अध्ययन गर्नु नै साहित्यको समाजशास्त्रीय समालोचना पद्धति हो (सिलवाल, सन् २०२१, पृ.२७३) । प्रजाति, क्षण तथा युगचेतना र पर्यावरण/वातावरणलाई साहित्यको समाजशास्त्रीय अध्ययनको त्रितत्त्वका रूपमा लिइन्छ ।

वास्तवमा युगले कुनै कालखण्ड वा समयावधिलाई बुझाउँछ। टेनले युगलाई क्षण भनेका छन्। कुनै पनि साहित्यिक कृतिभित्र समाविष्ट कालखण्ड र त्यस कालखण्डमा चित्रित विचारधारा नै युगचेतना हो। कुनै पनि साहित्यले तत्कालीन समयको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवेश, मूल्यमान्यता र अवस्थालाई चित्रित गर्नुका साथै लेखक बाँचेको युगको सामाजिक प्रतिबिम्ब झल्काउँछ।

कृतिमा प्रयुक्त भौगोलिक परिवेश, सामाजिक संस्कार, संस्कृति, वर्ग आदि तत्त्व र त्यसबाट निर्माण हुने युगीन चेतको अध्ययन नगरेसम्म साहित्य र साहित्यिकताको अध्ययन पूर्ण हुँदैन। साहित्यिक कृतिका पात्रको प्रजातिगत अभिलक्षणको अध्ययनमा पात्रका युगचेतना, प्राकृतिक अनि सामाजिक सांस्कृतिक परिवेशको सन्दर्भ पनि सापेक्ष भएको हुन्छ (सिलवाल, सन् २०२१, पृ.२७४)। हरेक साहित्यिक कृतिभित्र एउटा समाज खडा गरिएको हुन्छ। त्यो समाजले तत्कालीन युगलाई समेटेको हुन्छ। कृतिभित्र प्रस्तुत समाजको सांस्कृतिक तथा सामाजिक कार्यकलापबाट युगचेतनालाई पहिचान गर्न सकिन्छ। साहित्यिक कृतिको अध्ययनबाट उक्त कृति रचना गरिएको समय, सामाजिक मूल्यमान्यता, तत्कालीन सामाजिक चेतना आदिबारे थाहा पाउन सकिन्छ। टेनले साहित्यलाई दर्पणसँग तुलना गर्दै सत्यको अभिव्यक्ति साहित्यले गर्छ भनेका छन् (प्रभात सन् २०१८, पृ.१२७)। परिवेश भनेको वातावरण हो। परिवेशमा मुख्यतया स्थान, समय र परिस्थिति पर्दछ। कृतिभित्र सामाजिक तथा सांस्कृतिक वातावरणको कसरी चित्रण गरिएको छ भन्ने कुराले युगीन चेतनालाई प्रस्ट्याउने हुँदा युगचेतनाको विश्लेषण गर्न यो अति महत्त्वपूर्ण तत्त्व हो। राज्य सञ्चालन गर्ने मूल नीति नै राजनीति हो। राजनीतिक शासन व्यवस्थाले नै समाजलाई चलायमान बनाउन एउटा बाटो तय गरेको हुन्छ। मानिसहरूको सोचाइ, बुझाइ, उनीहरूको कार्यव्यवहार कस्तो छ भन्ने कुरा त्यहाँको शासन व्यवस्था कस्तो छ भने कुराले फरक पार्छ। कुनै युगको चेतना निर्माण गर्न राजनीतिक व्यवस्थाको निकै ठुलो भूमिका रहेको हुन्छ। साहित्यिक कृति मानव समाजको ऐतिहासिक दस्तावेज हो। यसले तत्कालीन समाजव्यवस्थाको प्रतिबिम्बन गर्छ। यसर्थ कृतिभित्र प्रयुक्त समाजमा कस्तो राजनीतिक व्यवस्था छ भन्ने कुराले पनि त्यस कृतिको युगीन चेतनालाई बुझ्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ।

समाजलाई चलायमान बनाउन आवश्यक अति महत्त्वपूर्ण तीन तत्त्व आर्थिक, सामाजिक तथा सांस्कृतिक र राजनीतिकमध्ये एक तत्त्व आर्थिक अवस्था हो। अर्थव्यवस्था माथिको आर्थिक अवस्था सम्पन्न वा विपन्न के छ भन्ने कुराले आधारभूत रूपमा उसको चेतना स्तर अनि व्यवहार थाहा गर्न सकिन्छ। अझ भनौं व्यक्तिको आर्थिक हैसियतले नै उसको समाजमा श्रेणी निर्धारण हुन्छ। अर्थले उसको दैनिक कार्यव्यवहारलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ। यसर्थ कृतिमा प्रयुक्त युगीन चेतलाई बुझ्न उक्त कृतिमा प्रयुक्त पात्रको आर्थिक अवस्था कस्तो छ भन्ने कुरा नियाल्नु आवश्यक हुन्छ।

हरेक युगले आआफ्नै विचारधारा प्रस्तुत गरेको हुन्छ। अर्थात् युग परिवर्तन गर्ने मूल तत्त्व भनेको विचारधारा नै हो। हरेक युगमा एक न एक किसिमको विचार प्रवाहित भएको हुन्छ। कुनै युगको विचारले समाजको चेतनालाई प्रभावित पार्दछ। यसर्थ युगचेतनाले साहित्यमा प्रत्यक्ष प्रभाव राख्छ। साहित्यको अध्ययन गर्नु भनेको स्रष्टा र सिर्जनाका युग चेतनाको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नु हो (श्रेष्ठ र अधिकारी, २०७७, पृ. ८१-८२)। विचारले नै मानिसलाई कहाँ पुग्ने र के हुने भन्ने निर्धारण गर्छ। कृतिमा प्रयुक्त मूल विचारले उक्त कृतिको युगचेतलाई प्रस्तुत गरेको हुन्छ। यसर्थ युगीन चेतनाको अध्ययन गर्दा कृतिमा प्रयुक्त विचारधारालाई

केलाउनु अत्यन्त आवश्यक छ। औपन्यासिक प्रवृत्तिहरूले युगीन विचारधारा बोकेको हुन्छ। यस्तै उपन्यासमा प्रयुक्त भाव वा विचारबाट नै उपन्यासको प्रवृत्ति केलाउन सकिने हुँदा युगीन विचारधारा र औपन्यासिक प्रवृत्ति र आपसमा अन्तरसम्बन्धित पनि छन्। उपन्यासका पात्रहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक र राजनीतिक अवस्थाबाट औपन्यासिक प्रवृत्तिलाई केलाउन सकिन्छ। उपन्यासका पात्रहरूका कार्यव्यवहारले उपन्यासको प्रवृत्तिलाई प्रस्तुत गर्न सघाउँछ। कुन प्रवृत्ति वा विशेषता बोकेको उपन्यास भन्ने कुराले चेतना कस्तो छ भन्ने बुझाउँछ। यसले कृतिको युगचेतनालाई बुझ्न उक्त उपन्यासको प्रवृत्तिगत विशेषता केलाउनु जरूरी हुन्छ।

**युगचेतनाको परिप्रेक्षमा चरैवेति उपन्यासको समाजशास्त्रीय विश्लेषण**

माथि प्रस्तुत समाजशास्त्रीय अध्ययनका आधारहरूमा *चरेवेति* उपन्यासको विश्लेषण यस प्रकार गरिएको छ :

**युगीन सामाजिक तथा सांस्कृतिक परिवेश**

*चरैवेति* उपन्यासमा पूर्वीय र पाश्चात्य धर्मावलम्बी, उनीहरूको शास्त्र, सामाजिक तथा सांस्कृतिक अवस्था, जीवन दर्शन र अन्तर्द्वन्द्वलाई प्रस्तुत गरिएको छ। यस उपन्यासको सामाजिक परिवेश धार्मिक अन्धतामा आधारित रहेको छ। नेपालमा शिक्षाको विकासका साथै अस्पताल एवम् चिकित्सा पद्धतिको विकास भइनकेको तत्कालीन समाजमा धामीझाँक्री लगाउने गरिएको यथार्थलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ :

> कान्छा काका कुलका ठुलो धामी हुनुहुन्थ्यो। आँगनमा केराको थाम चारैतिर गाडेर बनाइएको थानमा छिन्द्रिङ... छिन्द्रिङ बज्ने खुजमुज्ज परेको मैलो जामा लगाई काका ढ्याङ्ग्रो लिएर उभिनुभयो। पल्लो घरको कोलभटे काका धुपौरोमा कोइला सल्काउन थाल्नु भयो। आमाले दिदीलाई लिएर थानको अर्को छेउमा राख्नुभयो तर दिदी बस्न सकिनन्, आमाले काखमा ढल्काउनुभयो। बिस्तारै ढ्याङ्ग्रो बजाउँदै कान्छा काकाले उपचार सुरू गर्नुभयो। एक छिनपछि माहिला काकाले कालो सिउर र काले खुट्टा भएको भाले काट्नुभयो र रगत थानमा चढाउनुभयो। ( पृ.२५)।

यसरी उपन्यासले अन्धभक्तिमा रुमलिरहेको धार्मिक अन्धताबाट मुक्त हुन नसकेको सामाजिक चेतनालाई प्रस्तुत गरेको छ। यस्तै उपन्यासमा किराँत धार्मिक तथा सांस्कृतिक परिवेशलाई पनि प्रस्तुत गरिएको छ :

> शिरमा प्वाँख सिउरेको फेटा, जिउमा खिन्द्रिङ खिन्द्रिङ बज्ने घन्टीहरू भएका कपडा लगाएका बिजुवा ढ्याङ्ग्रो उठाएर धेरैबेर काँम्दै रोगको निदानको उपाय गर्न थाल्यो। उसले कसैसँग नबुझ्ने भाषामा भूतसँग वादविवाद गर्यो। ...बिजुवाले जोड जोडले ढ्याङ्ग्रो ठटाएर मन्त्र फलाक्न थाल्यो। दुना नै उठाएर कोइलामा खन्यायो। सालधुपको धुवाँले वातावरणमा शक्ति सञ्चार भयो। (पृ. ९२-९३)

प्रस्तुत साक्ष्य दुईमा उपन्यासको सहायक पात्र ठुले राईले वर्णन गरेको कथामा किराँत धर्मालम्बीले अपनाएको उपचार पद्धति र वातावरण प्रस्तुत गरिएको छ। किराँतीहरूको धामीलाई बिजुवा भनिन्छ। उसले बिरामीलाई तन्त्रमन्त्रको साथमा उपचार गरेर निको गर्ने गर्छ भन्ने किराँतीहरूको जनविश्वास यस उपन्यासमा चित्रण गरिएको छ।

नेपाली समाजमा प्रचलित जातीय विभेदका कारण उत्पीडित जाति मुक्तिको खोजीमा लाग्न थालेको चेतनालाई पनि यस उपन्यासमा चित्रण गरिएको छ। खास गरी पूर्वी पहाडी क्षेत्रमा दार्जिलिङतिरको प्रभावका कारण उतातिर गएर विभेदबाट मुक्तिका लागि धर्म परिवर्तन गर्ने गरेको र त्यहाँ विभेदपूर्ण व्यवहार नपाउँदा उनीहरू रमाएको सन्दर्भ पनि प्रस्तुत गरिएको छ :

> कसैले केही भन्लान कि भन्ने डर थियो किनभने हाम्रो लुगाकपडा हेरेर नै हाम्रो जात थाहा पाउन सक्थे। तर सबैजनाले आत्मीय भावले स्वागत गरे। पाष्टरले अँगालो हालेर सजाइएको मञ्चसम्म पुऱ्याए। हामी असाध्यै अफ्ठ्यारो मानिरहेका थियौं। सबैको ध्यान हामीतिर थियो। तर त्यहाँ हाम्रो परिचय गराइयो तर हाम्रो जातको वास्ता गरिएन। हामीलाई नयाँ विश्वासीका रूपमा सबैले सद्भावपूर्ण व्यवहार गरे। (पृ.१३५)

माथि प्रस्तुत गरिएको उपन्यासांश सोम मिजारको अनुभूति हो। यहाँ इसाई धर्मालम्बीहरूको पवित्र स्थान चर्चको परिवेश प्रस्तुत गरिएको छ। यहाँ चर्चका पास्टरले त्यहाँ विस्वासी बन्न आउने व्यक्तिहरूलाई सद्भावपूर्ण व्यवहार गर्ने गरेको, जातको आधारमा भिन्न दृष्टि नराखी समान व्यवहार गर्ने गरेको स्थिति प्रस्तुत गरिएको छ। यसरी विभेदबाट मुक्तिका लागि धर्म परिवर्तन हुन थालेको सामाजिक परिवेशको चेतना यस उपन्यासमा प्रस्तुत गरिएको छ।

**प्रहरी प्रशासनको चेतना**

*चरैवेति* उपन्यासमा इसाई धर्मलाई प्रतिबन्ध लगाइएको समयको प्रशासनिक चेतनाको पनि चित्रण गरिएको छ। धर्मपरिवर्तनप्रति अत्यन्त संवेदनशील तत्कालीन प्रशासन त्यसलाई नियन्त्रण गर्ने नाम अत्यन्त क्रुर बनेको देखिन्छ। यसमा इसाई बन्ने कल्पनासमेत नगरेका बुबा पात्रलाई तत्कालीन प्रहरी प्रशासनले बाइबले भनेर पक्राउ गरेको घटना चित्रण गरिएको छ :

> लौन यिनीहरू त मलाई बाइबले भनेर पो समात्न आएका रहेछन्। यो कस्तो आपत् आइलाग्यो। मलाई जसले पनि बाइबले भन्न थाले। मलाई जुन कुरा मन पर्दैनथ्यो त्यही आरोप लगाइँदै थियो। इसाइ धर्म मान्नु यो देशको कानुन विपरीत भएकाले कसैले पोल लगाइदिए होला अनि मलाई पक्रन आए भन्ने कुरा मैले बुझिहालेँ। (पृ.९६)

माथिको साक्ष्यमा कसैले पोल लगाइदिएको भरमा पुलिसले बुवा पात्रलाई पक्रेको क्षण यहाँ आएको छ। यसले नेपालमा इसाई धर्म प्रचार गर्न नपाइने पञ्चायतकालीन युगचेतनालाई प्रस्तुत गरेको छ। यस्तै प्रहरी प्रशासन वा राज्यतहको दमन, आफन्तले गरेको अचाक्ली बेइज्जती, गाली र बाइबलेको आरोपपछि बुबापात्र इसाई बन्न बाध्य भएको छ : "अब म पनि विस्वास गर्छु। मनमनै प्रण गर्दै, म पनि विस्वासी भएको सम्झेर ढुक्क भएँ" (पृ. १०४)। आफ्ना आफन्त, दाजुभाइबाट टाढिएर, प्रहरीको दमन खेपेर हिन्दुधर्म त्यागी इसाई बन्न पुगेका बुबापात्रले आफूले परापूर्वकालदेखि मान्दै आएको दसैं तिहारको झल्को मेटाउन "देउसी रे" को ठाउँमा "परमेश्वर" भनी रमाइलो गर्दा अप्रत्यासित रूपमा अनेक कष्ट सहनुपरेको समयावस्था छ।

## युगीन विचारधारा

*चरैवेति* उपन्यास आधुनिक कालखण्डमा लेखिएको उपन्यास हो। यसर्थ यहाँ आधुनिक मूल्यमान्यता छ। प्राथमिक र माध्यमिक कालमा लेखिएका उपन्यासमा जस्तो जासुसी र तिलस्मी प्रवृतिलाई यसले पूर्णतः नकार्दै आधुनिक विज्ञानसम्मत विचारधारालाई समेटिएको छ। सम्पूर्ण किसिमको धार्मिक अन्धताबाट मुक्त भई भौतिकवादी जीवन दर्शन अँगाल्नुपर्छ भन्ने वैचारकी नै यस उपन्यासको युगीन विचारधारा हो। समय गतिशील भएकाले त्यसैअनुसार समाजको आवश्यकता पनि परिवर्तन हुन सक्छ तर प्रकृतिको आफ्नै नियम छ त्यसलाई बुझ्नसक्नुपर्छ भन्ने वैचारिकी पनि यस उपन्यासमा प्रस्तुत गरिएको छ। धर्मलाई छाडेर विज्ञानमाथि मात्र भरोसा गरेर पनि हुँदैन, विज्ञान पनि प्रकृति विनाशतर्फ गयो भने मानव समाजका लागि खतरनाक हुन सक्छ। यस्तो अवस्थामा प्रकृतिले नै सजाय दिन सक्छ भन्ने विचार पनि यसमा प्रस्तुत गरिएको छ ः

> विज्ञानले यहाँ भएका प्राकृतिक शक्तिको उपयोग गर्ने हो तर यसैलाई चुनौती दिएर प्राकृतिक नियमलाई नै बिगार्न खोज्यो भने प्रकृतिले आफैँ दण्ड दिन्छ। प्रकृतिको रहस्य खोतलेर समग्र मानव सभ्यता र जीवन जगत्का विरुद्ध प्रयोग गरिए त्यो विज्ञानको दुरूपयोग हो। यसलाई प्रकृतिले एक दिन दण्ड दिन्छ। त्यसैले यहाँ प्रकृतिभन्दा ठुलो शक्ति केही छैन। (पृ.२३३)

आजको युग विज्ञान र प्रविधिको युग हो। माथिको साक्ष्यमा विज्ञान र प्रविधिले प्राकृतिको शक्तिको अधिकतम उपयोग र प्रकृतिको संरक्षण गर्नुपर्छ भन्ने भाव प्रस्तुत गरिएको छ। विज्ञानले प्रकृतिको रहस्य खोल्नुपर्छ। प्रकृतिको विरुद्ध जाने जो कोही पनि नष्ट हुन्छ त्यसैले प्रकृतिभन्दा ठुलो शक्ति कुनै धर्ममा हुन सक्दैन भन्ने विचार यहाँ प्रस्तुत गरिएको छ। यो नै *चरैवेति* उपन्यासको युगीन विचारधारा हो।

पञ्चायत कालको राजनीतिक, सामाजिक तथा सांस्कृतिक र आर्थिक परिवेशमा लेखिएको यस उपन्यासले सामाजिक बेथिति, विकृति र विसङ्गतिको बिरोध गर्दै मानवता, सहिष्णुता र सद्भावलाई आफ्नो वैचारिक धरातल बनाएको छ। नेपाली समाजमा रहेको छुवाछुतजन्य विभेद, धनी र गरिबबिचको विभेद, भूगोल र भाषाका आधारमा गरिने विभेद जस्ता नकारात्मक पक्षलाई हटाउनुपर्छ र सबैमा भाइचाराको व्यवहार गर्नुपर्छ भन्ने भाव उपन्यासमा प्रस्तुत छ। भ्रष्टाचार, शोषण र दमन जस्ता उत्पीडनलाई अन्त्य गर्न राज्य तहबाटै कदम चाल्नुपर्ने विचार यस उपन्यासमा प्रस्तुत गरिएको छ। यस्तै जात र धर्मको नाउँमा नेपालीहरू एकआपसमा लड्नु ठिक होइन, मान्छे महान् उसले गर्ने असल कर्मले हुन्छ, यसर्थ हामीले हाम्रो विकास र सम्मृद्धिको लागि विदेशी/आयातित कुरालाई होइन आफ्नै मौलिक र विज्ञानसम्मत कुरालाई जोड दिनुपर्छ भन्ने मूल विचार उपन्यासमा प्रस्तुत गरिएको छ।

*चरैवेति* उपन्यासमा पूर्वीय हिन्दु धर्म दर्शन र पाश्चात्य बाइबल दर्शनलाई तुलनात्मक अध्ययन गरिएको छ। यस पञ्चायत कालीन पूर्वी नेपालको पहाडी र तराई बासी जनताका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थालाई प्रस्तुत गरिएको उपन्यास हो। त्यस समय नेपाली समाजमा रहेको भ्रष्टाचार, अन्याय, धार्मिक अन्धता, अहङ्कार, गरिबी, पारिवारिक बेमेल, छुवाछुतजन्य जातीय विभेद आदिले चरमावस्थामा रहेको देखिन्छ। यस्तो अवस्थामा नेपालमा जरो गाढेको धार्मिक अन्धता र यसले ल्याएको समस्या अनि बढ्दो धर्मान्तरणको प्रश्न यसमा उठाइएको छ। यसमा भौतिकवादी जीवनशैली, विज्ञान र प्रविधिको प्रचूर प्रयोग, प्रकृतिको संरक्षण र मानवतावादलाई विशेष जोड दिइएको छ । सम्पूर्ण किसिमको विसङ्गति र बन्धनबाट स्वतन्त्र भई मानवमुक्ति र सत्य ज्ञानको खोजी गर्न प्रेरित गर्नु यस उपन्यासको युगीन वैचारिकता देखिन्छ।

## निष्कर्ष

युगचेतनाको दृष्टिले साहित्यिक कृतिको अध्ययन गर्दा *चरैवेति* उपन्यासमा प्रयुक्त सामाजिक तथा सांस्कृतिक परिवेश, युगीन राजनीति, युगीन आर्थिक अवस्था, युगीन विचारधारा, उपन्यासका युगीन प्रवृत्तिहरू र युगमा आधारित लेखकीय र सामाजिक अनुभवलाई विश्लेषणको मूलभूत आधार बनाइएको छ। *चरैवेति* उपन्यासमा हिन्दु, इसाई र किराँत धर्मालम्बीहरूको सामाजिक चालचलन, परम्परा, रीतिथिति, मूल्यमान्यता आदिलाई सामाजिक तथा सांस्कृतिक चेतनाका रूपमा प्रस्तुत गरिएको छ। यसमा पञ्चायतकालीन शासन व्यवस्थाको प्रशासनिक व्यवहार चेतनालाई पनि प्रस्तुत गरिएको छ। सम्पूर्ण किसिमको धार्मिक रूढिवादी अन्धताबाट पूर्णरूपमा मुक्त भई विज्ञान प्रविधियुक्त प्रकृतिको संरक्षण गर्ने भौतिकवादी मानवतावादी जीवन दर्शन अँगाल्नुपर्छ भन्ने विचार *चरैवति* उपन्यासको युगीन विचारधारा हो। भौतिकवादी र मानवतावादी जीवन दर्शनलाई जोड दिनु, सामाजिक यथार्थतालाई प्रस्तुत गर्नु, पूर्वीय र पाश्चात्य दर्शनलाई तुलनात्मक अध्ययन गर्नु, पूर्वी नेपालको पञ्चायतकालीन व्यवस्था र जनताको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनशैलीलाई प्रस्तुत गर्नु, सामाजिक विकृति, विसङ्गति, भ्रष्टाचार, अन्याय आदिको विरोध गर्नु र कुनै पनि किसिमको विभेदरहीत मानवसमाज निर्माणको पक्षमा जोड दिनु यस उपन्यासको मूलभूत प्रवृत्तिगत विशेषता हुन्। आजको आधुनिक युगमा विज्ञान र प्रविधिको महत्त्वलाई ग्रहण गरी उपन्यासमा भौतिकवादी जीवन अपनाउन प्रेरित गर्ने, वर्तमान समाजमा रहेका अमानवीयता, धार्मिक अन्धता, पारिवारिक बेमेल, राजनैतिक दुष्टता, भ्रष्टता, धर्मान्तरण, ज्ञानमा विभ्रमका कारण नेपाली समाज विषम परिस्थितिबाट गुज्रिरहेको हुनाले नेपाली समाज र परिवेश सुहाउँदो चेतनाको खोजी आवश्यक छ भनी सचेतना जागृत गरिएको छ। यसरी युगचेतनाको प्रयोगका दृष्टिले यो उपन्यासमा सशक्त रहेको छ।

## सन्दर्भसामग्री

घिमिरे, मुकुन्द (सन् २०२२). साहित्यिक समाजशास्त्रीय अध्ययन पद्धति : सैद्धान्तिक परिचचर्चा. *Koshi Pravash,* Vol.1, no.1.

जीवन्त, जीवन (२०८०). *चरैवेति.* पेज टर्नर प्रा.लि.: बागबजार काठमाडौं।

टेन, हिप्पोलाइट एडोल्फ (सन् १८७१) *हिस्ट्री अफ इङ्लिस लिटरेचर.* (अनु. भी. हाङ लाउन). भोलम १. न्युयोर्क : विलियम्स एच. एल. टिडी.।

दाहाल, खेमनाथ (२०५८). *आधुनिक नेपाली उपन्यासको समाजशास्त्र.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर।

प्रभात, रमेश (सन् २०१८). नथिया उपन्यासमा जाति, क्षण र वातावरण. *BMC Journal of Scientific Research,* 12–133 December.

बराल, कृष्णहरि र एटम, नेत्र (२०७९).*उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (चौथो संस्क.). पुल्चोक, ललितपुर : साझा प्रकाशन।

शर्मा, बिन्दु (सन् २०१२). उलार उपन्यासको समाजपरक समालोचना. *www.samakalinsahity.com*

श्रेष्ठ, दयाराम र अधिकारी, बालाकृष्ण (२०६५). *साहित्यको इतिहास* (तेस्रो संस्क.). पुल्चोक : साझा प्रकाशन।

सिलवाल, हरिप्रसाद (सन् २०२१). सुम्निमा उपन्यासको समाजशास्त्र. *Humanities and Social Sciences Journal,* Volume 13, no. 1, P.P. 271–275.